आज मिति २०७७ साल आश्विन ७ गते बुधबारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

<u>प्रस्तावहरु</u>

<u>प्रस्ताव नं.१</u>: व्यास नगरपालिका विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७" पारित तथा विद्यालय सञ्चालन अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.२: व्यास नगरपालिका सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७" पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३: व्यास नगरपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४: आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनको लागि समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं.५: फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.६: एम्बुलेन्स मर्मत संहार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७: एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८: डिजिटल तराजु खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.९: दशैं बजार व्यवस्थापनको लागि समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: शित भण्डार निर्माणका लागि आवश्यक जग्गा छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११: नगर विकास समिति गठन प्रकृया स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.१२: थप विषय सञ्चालन अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.१३: दमौली खानेपानी मर्मत खर्च सोधभर्ना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१४: सञ्चार संस्थालाई रकम सहयोग सम्बन्धमा ।

प्रस्ताव नं.१५: योजना परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.१६: आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७: डोजर भाडा दिने सम्बन्धमा ।

प्रस्ताव नं.१८: पराशर आधारभूत विद्यालय भवन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.१९: राहत उपलव्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.२०: प्राविधिक सहायक नियुक्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२१: विपद सम्बन्धी योजनामा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२२: वडा कार्यालयमा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२३: क्वारेन्टिन प्रयोजनका लागि क्षेत्री समाज भवन मर्मत निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.२४: फोहोर मैलाको कवाडी संकलनको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.२५: अत्यावश्यक योजनामा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२६: प्रा.वि. दरबन्दीमा पदस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.२७: उपयोगी पुस्तक खरिद एवं वितरण सम्बन्धमा ।

प्रस्ताव नं.२८: पुनः मूल्याङ्कन गरी भुक्तानी दिने सम्बन्धमा ।

प्रस्ताव नं.२९: नाला निर्माणको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.३०: ठेक्काको न्यूनतम रकम कायम सम्बन्धमा ।

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरु सञ्चालनका लागि सामुदायिक, संस्थागत विद्यालयका प्रधानाध्यापकहरु सँगको अन्तरकृया, प्राप्त सुझाव एवं नगर शिक्षा समितिको सिफारिस अनुसार नेपाल सरकार शिक्षा मन्त्रालयबाट जारी विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ मा आधारित भई "व्यास नगरपालिका विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७" पारित गर्ने निर्णय गरियो । साथै उक्त निर्देशिकामा तोकिएको मापदण्ड पालना गरी नगरपालिका भित्रका विद्यालयहरु मिति २०७७/६/११ गतेदेखि सञ्चालन गर्न अनुमति दिने निर्णय समेत गरियो ।

**<u>निर्णय नं.२:</u>** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकासँग सम्बद्ध सूचनाहरुलाई व्यवस्थित अभिलेखिकृत गर्दै सम्बद्ध कानूनहरुको परिधिभित्र रही सञ्चालन गर्न नगरपालिकालाई अझ बढी पारदर्शी र उत्तरदायी बनाउन "व्यास नगरपालिका सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन कार्यविधि, २०७७" पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल व्यास नगरपालिका भित्र हुन सक्ने लैङ्गिक हिंसाका घटनाहरुलाई न्यूनीकरण गर्न र पीडितलाई तत्काल राहत पुऱ्याउनका लागि "व्यास नगरपालिका लैङ्गिक हिंसा कोष सञ्चालन कार्यविधि, २०७७" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारद्वारा जारी परिपत्रानुसार अस्पताल नभएका स्थानीय तहलाई ५ वेडको अस्थायी अस्पताल सञ्चालन गर्न दिने निर्णय आएको र व्यास नगरपालिकामा समेत सो स्थापना हुने भएकाले तत्काल कोभिड-१९ को असरलाई समेत मध्यनजर गर्दै उक्त अस्थायी अस्पताल व्यास नगरपालिका वडा नं.१० दुम्सी बजार स्थित आधारभूत स्वास्थ्य केन्द्रमा सञ्चालन गर्न आवश्यक जनशक्ति भर्ना गर्न र सामग्री खरिद प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै हाल सञ्चालन हुने अस्थायी अस्पताल १०, १५ वेडको विस्तार हुने हुँदा "नगर स्तरीय अस्पताल" निर्माण गर्न विभिन्न वडाहरुबाट माग भई आएकाले सबै सम्भावित ठाउँको पूर्वाधार समेतको अध्ययन गरी स्थायी अस्पताल सञ्चालनका लागि २०७७ असोज महिनाभित्र प्रतिवेदन दिन निम्नानुसार अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**अध्ययन समितिः**

(१) उपप्रमुख श्री मिरा जोशी – संयोजक
(२) प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल – सदस्य
(३) दमौली अस्पतालका प्रमुख डा. सुनिल पौड्याल – सदस्य
(४) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख डा. राजु पौडेल – सदस्य
(५) स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख श्री प्रमोद सोती – सदस्य-सचिव

**जनशक्ति छनौट समितिः**

(१) प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल – संयोजक
(२) स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख श्री प्रमोद सोती – सदस्य
(३) सामान्य प्र. तथा जनशक्ति शाखा प्रमुख श्री मेघनाथ आचार्य – सदस्य-सचिव

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट संकलन भइरहेको फोहोर मैला विगत वर्षहरुमा व्यास नगरपालिका वडा नं.३ स्थित भतेरीको सार्वजनिक जग्गामा बिसर्जन गर्दै आइरहेकोमा उक्त स्थानमा मादीनदीले सार्वजनिक जग्गा कटान गरी अब बिसर्जन गर्न नसकिने अवस्था हुँदा वैकल्पिक स्थानको खोजी गर्दा भरसक वडाहरुले आ-आफै व्यवस्थापन गर्न र सम्भव नभएका फोहोर मैला व्यवस्थापन गर्नका लागि व्यास नगरपालिका वडा नं.१ मोहोरियाटारमा श्री रामदेव पन्थको नाउँको जग्गामा बिसर्जन गर्न निजले निःशुल्क प्रदान गर्नु भएकाले ल.ई. अनुसारको पूर्वाधार निर्माण गरी फोहोर छनौटका लागि करिव ५ रोपनी जग्गा भाडामा लिई तत्काल ५ वर्षको लागि वैकल्पिक व्यवस्थापन गर्ने निर्णय गरियो । साथै जग्गा उपलब्ध गराउने जग्गादाता, टोल, संस्था सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई उद्योग वाणिज्य संघ दमौली बजार इकाईले प्रदान गरेको एम्बुलेन्स (शव वाहन) मर्मत संहार गर्नुपर्ने देखिंदा रू.३,००,०००। (तीन लाख रुपैयाँ) मा नबढ्ने गरी मर्मत खर्च गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोरोना नियन्त्रण एवं रोकथाम गर्नका लागि व्यास नगरपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएतापनि नगरपालिकामा हाल एम्बुलेन्स नहुँदा कोरोना संक्रमित बिरामी ओसार-पोसार गर्न समय-समयमा कठिनाई उत्पन्न भएकाले र तत्काल नगरपालिकाले अस्थायी अस्पताल समेत सञ्चालन गर्न लागेकाले नगर सभाबाट पारित नीति तथा कार्यक्रममा आधारित मार्ग निर्देशनलाई आत्मसाथ गर्दै सम्बन्धित नियकासँग प्रकृयागत स्वीकृति लिई क्रमागत योजनाहरुको क्र.सं.५० मा सरसफाईका लागि ट्याक्टर खरिद शीर्षकमा रू.५०,००,०००। (पचास लाख रुपैंयाँ) विनियोजन भएकोमा त्यसबाट करिव रू.३०,००,०००। (तीस लाख रुपैंयाँ) फोहोर फाल्ने ट्रिपर खरिदमा गएकाले बाँकी रकम मध्येबाट रू.१५,००,०००। (पन्ध्र लाख रुपैंयाँ) रकमान्तर गरी एक एम्बुलेन्स खरिद गर्ने र भन्सार छुट एवं खरिद अनुमतिको सम्बन्धित निकायबाट स्वीकृतिका लागि प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७, ९ समेतले डिजिटल तराजु माग गरेको अवस्था हुँदा अन्य वडाहरुमा समेत आवश्यक पर्ने देखिएकाले मल, बिउ, तरकारी, फलफूल, बोका, खसीको तौल मापन गर्न कृषि संकलन केन्द्र वा वडा कार्यालयहरुमा रहने गरी कृषि कार्यक्रम अन्तर्गतको क्रमागत शीर्षक ४९ बाट ८ (आठ) थान ५० के.जी. को डिजिटल तराजु खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२, ३ र ४ का शहरी क्षेत्रमा दशैं बजार व्यवस्थापन गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

(१) वडा नं.३ अध्यक्ष श्री प्रेमकुमार श्रेष्ठ – संयोजक
(२) वडा नं.२ अध्यक्ष श्री काशीराम श्रेष्ठ – सदस्य
(३) वडा नं.४ अध्यक्ष श्री विश्वराज न्यौपाने – सदस्य
(४) नगर प्रहरी सहायक निरीक्षक श्री आशिक परियार – सदस्य
(५) बजार व्यवस्थापन कर्मचारी श्री चेतबहादुर दरै – सदस्य-सचिव

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकासँग विभिन्न संस्थाहरु जस्तै जिल्ला ट्राफिक प्रहरी कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, तनहुँ र नगरपालिका कै लागि शित भण्डार निर्माण गर्न जग्गा आवश्यक भएको माग हुदै आएकोमा जिल्ला समन्वय समितिसँग अनुरोध गरी पठाउने साथै जिल्ला समन्वय समितिबाट व्यवस्था हुन नसकेका अवस्थामा पृथ्वी राजमार्ग आसपास वडा नं.१, ११ र १२ मा व्यवस्थापन गर्न सम्बन्धित वडा समिति मार्फत पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट प्रस्तावित "व्यास नगर विकास समिति" नेपाल सरकारको निर्णयबाट स्वीकृत भई आएकाले जग्गा विकासमा योजनावद्ध थप प्रकृया अघि बढाउने निर्णय गरियो । साथै समितिमा निम्न पदाधिकारी सदस्य रहनु भएको हुँदा सम्बन्धित सदस्यहरुलाई मनोनयनको जानकारी गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | -नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने |
| (ख) | सदस्य | -श्री केशबहादुर सुनार, प्रतिनिधि, जिल्ला समन्वय समिति, तनहुँ |
| (ग) | ,, | -अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय तनहुँ |
| (घ) | ,, | -मालपोत अधिकृत, मालपोत कार्यालय, तनहुँ |
| (ङ) | ,, | -वडा अध्यक्ष श्री तुलसीराम सापकोटा, व्यास १० |
| (च) | ,, | -वडा अध्यक्ष श्री मोहनकुमार श्रेष्ठ, व्यास ५ |
| (छ) | ,, | -वडा अध्यक्ष श्री सूर्यभक्त भण्डारी, व्यास ६ |
| (ज) | ,, | -समाजसेवी श्री देवकुमार श्रेष्ठ, व्यास २ |
| (झ) | ,, | -समाजसेवी श्री कला पुन, व्यास ५ |
| (ञ) | □सदस्य सचिव | -प्रमुख प्रशासकीय अधिकृत, व्यास नगरपालिका |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ स्थित सत्यवती माध्यमिक विद्यालयले कक्षा ११ मा निम्नानुसार विषय थपको माग गरेकाले विषय थपको अनुमति प्रदान गर्ने निर्णय गरियो ।
(१) शिक्षा र विकास (Education and Development)
(२) भाषा विज्ञान -Linguistics)

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा गएको आषाढ, श्रावण महिनामा आएको बाढी पहिरोबाट वडा नं.४ मादीनदी नजिक रहेको दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पाइप भाँच्चिई केही दिन पानी उपलब्ध हुन नसकी बजारक्षेत्र वडा नं.२, ३ र ४ का नगरबासीलाई खानेपानीको समस्या परी तत्काल पुनर्स्थापना गर्नुपर्ने देखिंदा नगरपालिकाकै प्राविधिक सहयोग र अनुगमनमा पुनर्स्थापना गर्दा जम्मा रू.१४,२८,९२९।८५ (चौध लाख अठ्ठाइस हजार नौ सय उन्तीस रुपैयाँ र पैसा पचासी) खर्च भएको मूल्याङ्कन प्राप्त भएकाले विपद् कोष अन्तर्गतबाट रू.७,१५,०००।। (सात लाख पन्ध्र हजार) (वडा नं.२, ३ र ४ को विपद् बजेट अन्तर्गत समेतबाट) शोधभर्ना गर्ने र बाँकी सम्बन्धित संस्थाले व्यहोर्ने गरी निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा सञ्चार क्षेत्र सहयोग कार्यक्रम अन्तर्गत सम्बन्धित शीर्षकबाट निम्न लिखित रेडियो एवं संस्थालाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
(१) बन्दीपुर एफ.एम. रेडियो -२०,०००। (सञ्चार सहयोग)
(२) देवघाट एफ.एम. रेडियो -२०,०००। (सञ्चार सहयोग)
(३) क्रियाशील पत्रकार महिला तालिम –१,००,०००। (शीर्षक ७२)

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा वडाबाट सिफारिस भई आएका निम्न लिखित योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

(क) व्यास १३, क.सं. ५८७ को कृषि तथा पशु र भेटेरीनरी तालिम सम्बन्धी कार्यक्रम रू.१,००,०००। (एक लाख रुपैयाँ) लाई परिवर्तन गरी भेटेरीनरी औषधी खरिदमा परिणत गर्ने ।

(ख) व्यास ९, क्रमागत नं.३२ मा भएको राजापानी महिला समूह भवनमा ट्रष्ट निर्माण विनियोजन भएको रू.१,००,०००। (एक लाख रुपैंयाँ) परिवर्तन गरी राजापानी महिला समूहमा फर्निचर निर्माणमा परिणत गर्ने ।

(ग) व्यास १३, १४ केशवटार मार्गमा विनियोजित रकम रू.५०,००,०००। (पचास लाख रुपैंयाँ) मध्ये रू.१०,००,०००। (दश लाख रुपैयाँ) वडा नं.१४ मा र बाँकी रकम वडा नं.१३ बाट प्रारम्भ गर्ने ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुबाट अचानक भैंसी राँगाहरु मरेको भनी क्षतिपूर्तिको माग भई आएकोमा निम्नानुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

(१) व्यास ९, भेटबहादुर थापा २०७४/०४/२८ गते रू.१,००,०००। (एक लाख रुपैंयाँ) पर्ने भैंसी मरेको मुचुल्का प्राप्त- रू.२०,०००। (बीस हजार रुपैंयाँ) ।

(२) व्यास १२, विष्णुबहादुर अधिकारीको २ वटा भैंसी, २ वटा पाडा मिति २०७७/५/१६ गते अचानक मरेकाले रू.२,३०,०००। (दुई लाख तिस हजार रुपैंया) नोक्सान परेको भन्ने मुचुल्का सहित क्षतिपूर्ति माग भएकाले रू.४०,०००। (चालिस हजार रुपैंयाँ) क्षतिपूर्ति दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ र ११ मा पहिरो गई मानिस पहिरोले पुरिई चेन डोजर लगाई खोज तलास गरेकोमा निम्न लिखित काम गर्ने संघ/संस्थालाई सम्बन्धित वडाको सिफारिस अनुसार विपद् कोषबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

(क) व्यास ९, माझफाँट केशरबहादुर थापाको घरमा हराएका व्यक्तिहरुको उद्दार ५९.९ घण्टा चलाइएको प्रहरीको सिफारिस रू.३,२९,५००। (तीन लाख उन्तीस हजार पाँच सय रुपैंयाँ) ।

(ख) व्यास ११, बडाहारे छाब्दी वाराही कन्स्ट्रक्सन प्रा.लि., पदमबहादुर भुजेलको लास उत्खनन् कार्य १० घण्टा रू.६२,०००। (बैसट्ठी हजार रुपैंयाँ) ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास ७ स्थित पराशर आधारभूत विद्यालयलाई तनहुँ विद्युत परियोजना जाने आउने बाटोले सञ्चालन गर्न बाधा भएकाले वैकल्पिक स्थानमा भवन निर्माण गर्न तनहुँ विद्युत परियोजनासँग समन्वय भइरहेको हुँदा विद्यालयले मिति २०७७/६/४ मा प्रस्तावित गरेको कोठाहरु समावेश हुने गरी शहरी पूर्वाधार विकास शाखाबाट ल.ई. गराई उक्त परियोजनासँग सहयोगका लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास १ डाँडागाउँ टोल बस्ने रामकुमार दर्जीको २०७७/४/१७ गते मादीनदीले बगाई मृत्यु भएको हुँदा निजको परिवारबाट आर्थिक विपन्न हुँदा विपद् अन्तर्गत राहत माग भई आएकोले रू.५०,०००। (पचास हजार रुपैंयाँ) राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार कार्यक्रमको लागि आवश्यक प्राविधिक सहायक पदको लागि यस नगरपालिकाबाट प्रथम पटक मिति २०७७/४/२९ र दोस्रो पटक मिति २०७७/५/१२ गते प्रकाशित पदपूर्ति सम्बन्धी सूचना अनुसार पदपूर्ति समितिको मिति २०७७/६/४ को निर्णय अनुसार नियुक्तिका लागि सिफारिस भई आएका व्यास ६ निवासी दिनेश काफ्लेलाई प्राविधिक सहायक पदमा नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा बाढी पहिरोबाट अवरुद्ध भएका निम्न लिखित कार्यहरुका लागि विपद् कोषबाट लागत इष्टिमेट अनुसार उपभोक्ता समिति मार्फत काम भएमा लागत सहभागिता रहने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १. | मुक्तीनारायण मोटर मार्ग | ११ | ५०,४९९। |
| २. | व्यास ९ र १० जोड्ने कलेस्ती खोलामा पुल संरक्षण | ९, १०, ११ | ८०३,७७१। |
| ३. | राजु नेपाली घर पुनस्थापना | ११ | २०,०००। |
| ४. | ढकाल खोला कजवे मर्मत निर्माण | ११ | २२२,१८७। |
| ५. | शिवालय मन्दिर नजिक बुल्दी खोला कजवे निर्माण मर्मत | ११ | २७७,९१३। |
| ६. | अमर शहिद मार्गको राजापानी भौडी खोला मर्मत | ९ | ८९,९४९। |
| ७. | विर्ता भानु मोटर मार्गको कजवे दायाँबायाँ फिलिङ | ९ | ६५,४६२। |
| ८. | सिस्नेरी रानीपानी मोटर मार्ग वजवे सडक मर्मत | ९ | १०९,७६०। |

| | | | |
|---|---|---|---|
| ९. | नगेन्द्र मोटर मार्ग कजवे निर्माण | ९ | ९२२,६५९। |
| १०. | विपद् समितिको निर्णयानुसार सितलचोक वस्ती संरक्षणका लागि चिनु श्रेष्ठको आर.सि.सि. घर भत्काउने | ४ | २००,०००। |
| ११. | नेत्रबहादुर खड्का घर संरक्षण | ११ | २५,०००। |

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ को सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडा कार्यालयहरुको लागि निम्न शीर्षकबाट खर्च हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

(१) वडा नं.७ को नवनिर्मित भवनको पछाडि पहिरो जाने स्थिति देखिंदा सोको संरक्षणमा शीर्षक नं.१५२ बाट रु.१३,४५,८१६। (तेह्र लाख पैतालिस हजार आठ सय सोह्र रुपैयाँ मात्र) ।

(२) वडा नं.५ को वडा कार्यालय भवनमा ट्रस राखी क्यान्टिन निर्माण योजनामा क्रमागत योजना अन्तर्गतको शीर्षक नं.१७ बाट रकमान्तर गरी बाँकी नपुग रकम आ.व.२०७७।०७८ को शीर्षक नं.१५२ बाट समेत गरी रु.१०,४८,७११। (दश लाख अड्चालिस हजार सात सय एघार मात्र) ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा विद्यालयबाट क्वारेन्टिन हटाउने अवस्थामा व्यास नगरपालिका वडा नं.१ करंकाठ स्थित जिल्ला क्षेत्री समाजको भवनमा व्यवस्थापन गर्ने सन्दर्भमा नगरपालिका र सम्बन्धित संस्थासँग सहमति भएकाले तत्काल उक्त भवनको निर्माण मर्मत गर्न रु.९,७८,५७७ को ल.ई. भई आएकोले शीर्षक नं.९१, ९२ बाट खर्च हुने गरी रु.८,००,०००। (आठ लाख) विनियोजन गरी बाँकी रकम सम्बन्धित संस्थाको लागत सहभागिता रहने गरी निर्माण कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट संकलन गरिएको फोहोर मैला व्यास नगरपालिका वडा नं.३ मादीनदी भतेरीमा बिसर्जन गरी पुन प्रयोगमा आउने कवाडी समेतका वस्तुलाई बिक्री गर्ने वार्षिक ठेक्का व्यास ३, दमौली बस्ने पवन चुमी थापा मगरलाई मासिक रु.७१,०००। (एकहत्तर हजार) मा दिइएकोमा २०७६ चैत्र ११ गतेदेखि लकडाउन भई कवाडी सामान लैजाने अवस्था नभएको र मादी नदीमा आएको बाढीले संकलन गरिएको कवाडी लगायतका सामानहरु बगाई लगेकोले निजको मर्कालाई मध्यनजर गरी आ.व.२०७७।०७८ का लागि साविकको दरमा निजलाई नै म्याद थप गर्ने र विपदबाट भएको नोक्सानीको विगोकोअध्ययन गरी आवश्यक निर्णय लिन आगामी नगर समाभा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | अकला बगैंचा टोलको शिवपाञ्चायन मन्दिर थप पिच | १ | १००,०००। | ९९ |
| २ | सेतो गुराँस बाल विकास सामग्री निर्माण वितरण | २ | १४४,०००। | ५८ |
| ३ | दुम्दुमेश्वर महादेव जेष्ठ नागरिक भजन किर्तन व्यवस्थापन सहयोग | १० | ३०,०००। | ७६ |
| ४ | गलेखाम टोल सरसफाई कार्यक्रम | ६ | १००,०००। | ७५ |
| ५ | भोटेपानी फराकचौर खानेपानी मोटर खरिद | ११ | १००,०००। | १२२ |
| ६ | दुर्गा मन्दिर संरक्षण एवं रंगरोगन | ३ | ५०,०००। | ७६ |
| ७ | पञ्चमन्दिर संरक्षण एवं मठ निर्माण | ११ | १००,०००। | १२७ |
| ८ | बाराही युवा क्लब खेल मैदान संरक्षण | १४ | १५०,०००। | ३९ |
| ९ | प्रगतिशील युवा क्लब हरियाली वृक्षारोपण | १४ | १००,०००। | ७५ |
| १० | युवा कृषक व्यवसायीलाई ४ थान च्यापकटर मेशिन खरिद अनुदान (२००००। x ४ = ८०,०००।) | १० | ८०,०००। | ४७ |
| ११ | सत्यदेवी टोल विकास विलाउनी सत्यदेवी मन्दिर रेलिङ समेत | ८ | ३००,०००। | ७४ |
| १२ | घाँसीकुवा युवा क्लब खेल मैदान निर्माण | १२ | १००,०००। | ३९ |
| १३ | आयुर्वेद सेवा आरोग्य क्लिनिक सञ्चालन | ७, ९ र १२ | २४०,०००। | ७९ |
| १४ | भानु मा.वि. ग्राउण्ड निर्माण | १० | ८४३,६२९। | १४२ |

| | | | | |
|---|---|---|---|---|
| १५ | पराशर आश्रम संरक्षण रिटेनिङवाल र सिंढी निर्माण | ५ | ५००,०००। | १२७ |
| १६ | ठूलोटार सिमलगैह्रा सार्वजनिक जग्गा संरक्षण र शौचालय निर्माण | ५ | ४००,०००। | १२७ |
| १७ | कुमाल समाज भवन मर्मत सम्भार | ५ | २००,०००। | ६५ |
| १८ | राजापानी मन्दिर विद्युतीकरण | ९ | १२०,०००। | ११९ |

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा मानुङ्ग प्रा.वि.मा प्रा.वि. दरबन्दीमा विगत १ वर्ष अघिदेखि प्रकृयागत रुपमा छनौट भई कार्यरत शिक्षक व्यास-५, निवासी श्री सविना थापालाई रिक्त दरबन्दीमा २०७७ श्रावण १ गतेदेखि लागू हुने गरी पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७ :** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा तनहुँ ऋिषिङ्ग गाउँपालिका वडा नं. ८ सरिकोट बस्ने श्री शुभ रानाले लेख्नु भएको Our Daily Class Work Homework Handwriting Book र English Conversation Book विद्यालयमा अत्यन्त उपयोगी देखिंदा आ.व.२०७७/०७८ को बजेट शीर्षक नं.४३ बाट खर्च हुने गरी रू.१,५०,०००। (एक लाख पचास हजार रुपैंयाँ) बरावरको पुस्तक खरिद गरी ग्रामिण क्षेत्रका विपन्न विद्यार्थीहरुलाई विद्यालय मार्फत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६/०७७ मा उपभोक्ता समिति मार्फत सम्झौता भई काम भएका तर अन्तिम मूल्याङ्कन एवं भुक्तानी हुन बाँकी रहेका योजनाहरु असार श्रावण महिनामा आएको बाढी पहिरोले असर गरी भुक्तानी गर्न कठिनाई भएको विषयमा छलफल हुँदा अनुगमन समितिबाट अनुगमन समेत भएको देखिंदा हालको विद्यमान अवस्थाको मूल्याङ्कन गरी भुक्तानी दिने र विपद्बाट भएको नोक्सानीको मुचुल्का उठाई सम्बन्धित उपभोक्ता समितिबाट मर्मत समेत गराई पुनः मूल्याङ्कन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास ४ विरता टोलमा पक्की नाला निर्माण कार्य भएकोमा गत वर्षको मूल्याङ्कनमा २६ मिटर नाला निर्माण कार्यको भुक्तानी हुन बाँकी देखिंदा यस वर्षको सोही स्थानको बजेटबाट मूल्याङ्कन गराई नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र प्राकृतिक साधन उपयोग कर, पार्किङ शुल्क, विज्ञापन कर जस्ता करहरु उठाउनका लागि आ.व.२०७७।०७८ मा वार्षिक ठेक्का लगाउँदा तपसिलमा उल्लेखित न्यूनत्तम दर कायम गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | न्यूनत्तम वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १. | मादीनदी नदीजन्य पदार्थ उत्खनन, व्यास ५, ६ र ७ | ४,००,००,०००। | |
| २. | सेती/मादी नदीजन्य पदार्थ उत्खनन, व्यास १३ र १४ | ५०,००,०००। | |
| ३. | छाब्दी बसपार्क पार्किङ शुल्क, व्यास १२ | २,५०,०००। | |
| ४. | करङकाठ बसपार्क पार्किङ शुल्क, व्यास १ | ५,४०,०००। | |
| ५. | वातावरण शुल्क | ५०,००,०००। | |
| ६. | विज्ञापन कर | ६,००,०००। | |